त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,बल्खु

**३ वर्षे स्नातक तह एल.एल.वी.(नयाँ पाठ्यक्रम अनुसार) दोस्रो वर्षको परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्ने सूचना**

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०७७ को २०७९ सालमा सचांलन हुने ३ वर्षे स्नातक तह एल.एल.वी.(**नयाँ पाठ्यक्रम अनुसार**) दोस्रो वर्षको परीक्षा दिने **नियमित** परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पस/कलेजमा मिति २०७९ साल पौष २४ गते देखि २०७९ साल माघ २३ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोव्वर दस्तुर सहित फारम भराइ बुझाउन हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

**क**) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुर्‍याइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

**ख**) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ग) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

**२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-**

**क**) काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का.को नाममा वैंक भौचर २ दिनभित्र परीक्षा आवेदन फारम सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खुमा बुझाई सक्नुपर्नेछ । उपत्यका बाहिरका क्याम्पसहरुले उक्त वैंक भौचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फारम सहित क्षे.प.नि.का.को हकमा सम्वन्धित क्षे.प.नि.का.मा र प.नि.का.क्षेत्रका उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का.बल्खुमा बुझाई सक्नुपर्नेछ ।

**ख**) परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा वैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझाउनु पर्नेछ ।

३) **परीक्षा शुल्क सम्वन्धमा:-**

| | |
|---|---|
| क) नियमित परीक्षार्थीका लागि खण्ड शुल्क | रु ४७०/- |
| ख) परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु १००/- |
| घ ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| ङ) दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु २७५/- |
| च) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु २७५/- |

४) **परीक्षा शुल्क बुझाउने सम्वन्धमा:-**

क) काठमाण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/वल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैंक भौचर सहित आवेदन फारम साथै कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ख) काठमाण्डौ उपत्यका बाहिरका क्याम्पसहरुले वल्खु स्थित नेपाल बैंक लिमिटेड अथवा ग्लोवल आई.एम.ई.बैंक लि.वल्खु शाखाबाट अथवा काठमाण्डौ उपत्यका वाहिरका कुनै पनि बैंकवाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा बैंक भौचर वनाई आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ग) क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर च.हि.नं.१०४००१००९२२१२००००००१ नेपाल बैंक लिमिटेड, बजारअड्डा शाखा , विराटनगरमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

घ) क्षे.प.नि.का.नेपालगञ्ज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय ,नेपालगञ्जको च.हि.नं.२१०१०१००००००७६ ग्लोवल आइ.एम.इ.बैंक लिमिटेड, त्रिभुवन चोकमा रकम बुझएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ङ) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००००१ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा रकम वुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

।

परीक्षा नियन्त्रक